# सबै भन्दा ठुलो उपहार विश्वास Pastor S. James

**Oct. 13th, 2022**

*प्रार्थना*

*प्रभु म तपाइलाइ धन्यबाद दिन्छु प्रभु , तपाइको कृपा अनुग्रहको लागी ,यदि तपाइको कृपा हामी संग नभएको भए हामी यस संसार देखी बिति जाने थियौं प्रभु , हाम्रो जीवनमा न्याय शुरु हुने थियो तपाइको कृपाले गर्दा नै आज हामी यहाँ छौं । प्रभु तपाइले हामीलाइ तपाइको वचन , तपाइ को राज्यका सत्य कुराहरु बुझ्नलाइ अनुग्रह गर्नुहोस् , ताकि हामी तपाइमा बिश्वासमा अगाडि अगाडि बढ्न सकौं र बिश्वासमा शुरु देखी अन्त सम्म हामी जीउन सकौं प्रभु यो सबै बिन्ति प्रार्थना येशु प्रभुको नाममा आमेन ।*

परमेश्वरले हामी मानिस जातिलाइ धैरै बरदानहरु दिनुभएको छ त्यस मध्य एउटा मुख्य बरदान बिश्वास हो । प्रेम आत्मा को फल हो । बिश्वास सुनाइ बाट आउछ र सुनाइ परमेश्वरको बचन बाट आउछ । बिश्वास आउनको लागी दुइ कुराहरु चाहिन्छ । एउटा सुनाइ हुनु पर्छ अर्को बिश्वास हुनु पर्छ । पहिला परमेश्वरको बचन सुन्नुपर्छ । त्यो प्रचार गर्दा सुन्न सक्छ । पढेर सुन्न सक्छ । त्यो सुने पछि आउछ हाम्रो जीवनमा परमेश्वरको ज्ञान यदि हाम्रो जीवनमा परमेश्वरको ज्ञान छैन भने परमेश्वरमा बिश्वास हुन सक्दैन । कसैलाइ पनि बिश्वास गर्नु भन्दा अगाडि त्यो ब्यक्ति को बारेमा हामीलाइ ज्ञान चाहिन्छ , बिना ज्ञान हामीले कसैलाइ पनि बिश्वास गर्न सक्दैनौ । त्यसकारणले पहिला सुनाइ होइन पहिला बचन हो किनकी आदिमा बचन थियो सुनाइ होइन । जब हामी परमेश्वरको बारेमा सुनेर ज्ञान आए पछि हामीले त्यस परमेश्वरको ज्ञानमा बिश्वास गर्नु पर्छ यदि बिश्वास गर्दैनौ भने त्यो ज्ञान निस्फल हुन्छ । त्यस कारणले बिश्वास के हो ?

हिब्रु ११:१ श्वासको अर्थ हो, हामीले आशा गरेका कुराहरूको निश्चित छ। अनि विश्वासको अर्थ हुन्छ हामीले कुनै कुरालाई नदेखेता पनि त्यो वास्तविक छ भन्ने जान्नु।

बिश्वास देखेको कुराको होइन नदेखेको कुराको दृढ भरोसा हो । नदेखेको कुराको बिश्वास को दुइ वटा भाग छन् पहिलो भाग

हिब्रु ११:६ [6]विश्वास बिना कसैले परमेश्वरलाई खुशी बनाउन सक्दैन। जो परमेश्वरमा आउँछ उसले परमेश्वर सत्य हुनुहुन्छ भन्ने जान्नुपर्छ र जसले साँचोसित उहाँलाई पाउन चाहन्छ ती मानिसहरूलाई परमेश्वरले पुरस्कृत गर्नुहुन्छ भन्ने विश्वास गर्नुपर्छ।

बिश्वासको पहिलो भाग जो परमेश्वरमा नजिक आउछ उसले परमेश्वर छ भनेर बिश्वास गर्नु पर्छ । बिश्वासको दोस्रो भाग

हिब्रु ११:३ [3]विश्वासद्वारा हामी बुझ्दछौं कि परमेश्वरले आफ्नो आदेशद्वारा यो संसारको सृष्टि गर्नुभयो। यसले हामी बुझ्दछौं जो दृश्य छ त्यो कुनै अदृश्यद्वारा बनाइएको थियो।

एउटा अदृस्य परमेश्वर हुनुहुन्छ जस द्धारा देख्ने नदेख्ने सबै कुराको सृष्टि भयो । नदेख्ने एउटा मण्डली छ नदेखेको एउटा राज्य छ जसले देख्ने कुरालाइ कब्जा गर्छ । एउटा ब्यक्तिमा परमेश्वरमा बिश्वास छ तर नदेखेको राज्यमा बिश्वास छैन भने मान्छे बिश्वासमा गिर्छ । परमेश्वरले इस्रायलीहरुलाइ उहाँको चमत्कार र चिन्ह मात्र देखाउनु भयो । तर उहाँले आफ्नो मार्ग मोशालाइ देखाउनु भयो कारण इस्रायलीहरुले ब्यक्तिमा बिश्वास गरे तर परमेश्वरको राज्यमा बिश्वास गरेनन् । त्यस कारणले बिश्वासको दुइ वटा भाग छन् एउटा परमेश्वर हुनुहुन्छ भनेर बिश्वास गर्नु र दोस्रोमा परमेश्वरको राज्यमा बिश्वास गर्नु । एउटा ब्यक्ति छ र त्यो ब्यक्ति संग जोडिएको राज्य छ । हामी सबै जना पहिला बिश्वासमा आएका थिएनौ एउटा ब्यक्ति जसले परमेश्वरमा बिश्वास गरेका छैनन् त्यस ब्यक्तिलाइ पहिला पबित्र आत्मा उसको हृदय छुन्छ र परमेश्वरको बचनको सुनाइ देखी उसको हृदय काट्छ ।

प्रेरित २:३७ [37]जब मानिसहरूले त्यो सुने तिनीहरू अत्यन्तै दुःखीत भए। तिनीहरूले पत्रुस र अन्य प्रेरितहरूलाई सोधे, "हे भाइहरू हो, हामीले के गर्नु पर्छ?"

मानिसहरुले परमेश्वरको बचन सुने पछि उनीहरुको हृदय छिया छिया भयो कारण पबित्र आत्माले उनीहरु को हृदय काट्नु भयो ।

एफिसी ६:[17]परमेश्वरको मुक्तिलाई आफ्नो शिर रक्षक बनाऊ अनि परमेश्वरको वचन समात जुन आत्माको तरवार हो।

परमेश्वरको बचन हाम्रो हदयमा आए पछि पबित्र आत्माले हाम्रो हृदयलाइ छिया छिया पार्छ । त्यस पछि हाम्रो हातमा छ मान्नु नमान्नु । सबै हृदय छिनेको सबै असल बाटोमा जादैनन् ।जब हाम्रो हृदय छिया छिया हुन्छ त्यस पछि हामी पस्चाताप को बाटो तिर जान्छौं भने हामीले बिश्वासको बरदान पाउछौ । कठोर भयौ भने नास को तर्फ हामी जान्छौं । यदि एउटा ब्यक्तिको हृदय आत्माको तरवारले काट्यो भने उसको जीवनमा एउटा प्रस्न आउछ म के गरु ? कर्णलियसले परमेश्वरको आत्माको तरवारले उसको हृदय काटे पछि उसले सोध्यो म क् गरु ?

एफिसी २:८ [8]तिमीहरू अनुग्रहले बचाइएकाछौ। अनि त्यो अनुग्रह विश्वासद्वारा पाएका हौ। तिमीहरू आफैले तिमीहरूलाई बचाएनौ। परमेश्वरको यो एउटा उपहार हो।

बिश्वास र अनुग्रह दुबै बरदान हो । हामी यि दुइ बरदानको कारण बचाइएका हौ ।

रोमी १२:३ [3]परमेश्वरले मलाई अनुग्रहको वरदान दिनुभएकोछ, म तिमीहरू सबैलाई भन्छु आफू जे छौ त्यो भन्दा बढता आफूलाई नसंझौं। परमेश्वरले दिनुभएको विश्वासको आधारमा तिमी वास्तवमा बाँचिरहेकाछौ त्यो स्वयं हेर।

येशु मशिहले हामीलाइ पवित्र आत्मा द्धारा बरदान दिनुभएको छ । हिब्रु १२ को २ मा सन्तहरुको बादलले हामीलाइ घेरेता पनि हाम्रो बिश्वास शुरु गर्ने र अन्त गर्ने येशुलाइ हेर भनेर भन्नु भएको छ । त्यसकारण हाम्रो बिश्वास शुरु गर्ने येशु हुनुहुन्छ र अन्त गर्ने भनेको पुरा गर्ने पनि येशु नै हुनुहुन्छ । बिश्वास यो संसारमा रहनुजेल सम्म हो माथि येशु संग गए पछि हामीले हाम्रो आखाँले उहाँलाइ देख्न सक्छौ त्यस पछि बिश्वास को अर्थ हुदैन । देखेको कुरामा बिश्वास त्यसै हुन्छ । बिश्वासको धेरै बाधाहरु छन् । बिश्वासीहरु को जीवनमा पनि बिश्वासको धेरै बाधाहरु छन् । पहिलो बाधा

यशैया ५९:१ र, तिमीहरूलाई बचाउनको निम्ति परमप्रभुको शक्ति नै प्रयाप्त छ। उहाँले सुन्नु हुनेछ जब तिमीहरूले उहाँको साथ माँग्छौ।
[2]तर तिमीहरूको पापले गर्दा तिमीहरू र परमेश्वर माझ एउटा तगारो छ। परमप्रभुले तिम्रा पापहरू देख्नु हुन्छ अनि अनुहार अर्को तिर फुर्काउनु हुन्छ।
[16]परमप्रभुले हेर्नु भयो र कतै पनि कुनै मानिस नभएकोले उहाँ छक्क पर्नुभयो जससँग उभिएर बोल्न सकिन्छ। यसकारण परमप्रभुले आफ्नो शक्ति प्रयोग गर्नु भयो र साथै आफ्नै धार्मिकता चलाउनु भयो अनि मानिसहरूलाई उद्धार गर्नु भयो।

बिश्वास को पहिलो बाधा पाप हो । पाप बाधा हो भने सबै भन्दा पहिला हामीले येशु मशिहमा पस्चाताप गरेर हाम्रो पाप मानिलियौ भने उहाँको रगतले हामीलाई शुद्ध बनाउनु हुन्छ र धार्मीक बनाउनुहुन्छ ।

१ युहन्ना २:१ रा प्रिय नानीहरु, म तिमीहरुलाई यो पत्र लेखिरहेकोछु, जसमा कि तिमीहरुले पाप गर्ने छैनौ। तर यदि कुनै व्यक्तिले पाप गर्छ भने, येशू ख्रीष्टले पिताको अघि हामीलाई बचाउनु हुनेछ। येशू धर्मी हुनुहुन्छ।
[2]येशू हाम्रो पाप क्षमा गर्ने माध्यम हुनुहुन्छ अनि सम्पूर्ण संसारका मानिसहरुको पापहरु पनि क्षमा गराउनुहुन्छ।

हम्रो बारेमा येशु बोलिदिनुहुन्छ । हाम्रो बिश्वासको बाधा पाप हो यो हाम्रो पाप येशुले बोकिदिनुहुन्छ ,हाम्रो बारेमा बोलेर हाम्रो पापको क्षमा पनि मागिदिनुहुन्छ र हामीलाइ उहाँको रगतले धर्मी बनाउनुहुन्छ ।

हिब्रु ४:१६ [16]येशू हाम्रा प्रधान पूजाहारी हुनु भएकोले परमेश्वरको अनुग्रहाको सिंहासन अघि उभिन हामीलाई स्वतंत्रता छ। त्यहाँ हामी सहायताको निम्ति करूणा र अनुग्रह पाउँछौ जब ती चाहन्छौं।

हाम्रो लागी बोलिदिने येशु भएको कारण हामी हिम्मतका साथ परमेश्वरको अगाडि उभिन्छौ । यदि हामी अदालतमा जान्छौ भने त्यहाँ हाम्रो लागी बोलिदिने राम्रो वकिल छैन भने हामीलाइ अदालतमा जाने साहस आउदैन । यदि हामी संग एउटा पनि केस नहारेको वकिल हामी संग छ भने हामीलाइ साहस हुन्छ । त्यसै गरी हामीले पनि पाप गर्‍यौ तर पनि परमेश्वरको सामने जानलाइ येशु हाम्रो लागी वकिल भएको कारण साहसका साथ जान सक्छौ । र दोस्रो बिश्वास को बाधा घमण्ड हो । घमण्डले बिश्वासमा अगाडि बढ्न दिदैन हामीलाइ नास सम्म पुर्‍याउछ । सामुयलले सावल संग बोलेको कुरा

१ सामुयल १५:१७ [17]शमूएलले भने, "विगतमा, तपाईंले आफैलाई तुच्छ सम्झनु हुन्थ्यो। तर त्यसपछि तपाईं इस्राएलका कुलहरूका अगुवा हुनुभयो। इस्राएलको राजाको रूपमा परमप्रभुले तपाईंलाई चुन्नुभयो।

शामुयलले शावललाइ भने एक दिन तपाइले आफुलाइ तुच्छ ठान्नुहुन्थ्यो । नम्रता भनेको आफ्नै आखाँमा आफु सानो हुनु हो । परमेश्वरले जब शावल हेर्नमा राम्रो र अल्गो थिए तर शावल आफ्नै आखाँमा सानो थिए तब उहाँले शावललाइ चुन्नुभएको थियो । परमेश्वरले त्यसलाइ राजा अभिशेक गर्नुहुन्छ जसले आफुलाइ सानो ठान्छ ।

अयुब ४१:३४ [34]लेबीयथानले घमण्डी पशुहरूलाई तल हेर्दछ। त्यो सारा जङ्गली जनावरहरू माथि राज गर्ने राजा हो। अनि म, परमेश्वरले, लेबीयथान सृजना गरें।"

दुइ वटा राजाहरु छन् । एउटा राजा येशु हुनुहुन्छ उहाँले त्यसलाइ अभिशेक गर्नुहुन्छ जो आफुलाइ सानो ठान्छ र घमण्ड उसको जीवनमा हुदैन । सैतान त्यसलाइ अभिशेक गर्छ जो घमण्डले फुलेको छ । गिदोनको बारेमा पनि यहि सत्य लेखेको छ ।

न्यायकर्ता ६:१२ [12]परमप्रभुका स्वर्गदूत गिदोन समक्ष प्रकट भए अनि तिनलाई भने, "महान सैनिक! परमप्रभु तिम्रो साथ रहून्।"
[15]तर गिदोनले उत्तर दिए र भने, "मलाई क्षमा गर्नुहोस महाशय। म कसरी इस्राएलीलाई बचाउँन सक्छु र? मनश्शेको कुल समूहमा मेरो गोत्र सबै भन्दा कमजोर छ। अनि म मेरो परिवारको सबै भन्दा कान्छो हुँ।"

गिदोन आफ्नै आखाँमा उनी तुच्छ थिए । यो मान्छे को जीवनमा घमण्ड थिएन । त्यसैले परमेश्वरले उसलाइ चुन्नुभयो । परमेश्वर त्यसलाइ मात्र चलाउन सक्नुहुन्छ जो आफ्नै नजरमा तुच्छ छ । पहिलो बाधा पाप , दोस्रो बाधा घमण्ड र तेस्रो बाधा परमेश्वरको ज्ञानको अभाव ।

२ पत्रुस ३:१८ [18]तर हाम्रा प्रभु अनि उद्धार कर्ता येशू ख्रीष्टको अनुग्रह अनि ज्ञानमा अघि बढ। अहिले अनि सधैंको निम्ति उहाँमा महिमा रहोस्। आमिन्।

परमेश्वर भन्नुहुन्छ मेरो जनको ज्ञानको अभाबको कारणले नास हुदैछ । त्यसकारण नास नहुनको लागी हामी परमेश्वरको ज्ञानमा अगाडि बढ्दै जानुपर्छ । अर्को बाधा हामी आफैले बोलेको र अर्काले बोलेको कारण श्राप आउछ । क्रुसमा हाम्रो निम्ति येशु मशिह श्राप हुनुभयो । येशु बिना हामी श्रापित हौ तर येशुमा हामी उहाँको अनुग्रह बाट हामी धर्मी हौ । जब पानी पर्दा जो जो बाहिर हुन्छ उनीहरु भिग्छन् तर जो जो घर भित्र हुन्छन् उनीहरुलाइ पानीले भिगाउन सक्दैन । त्यसै गरी बर्षा जस्तै संसारमा श्रापहरु चल्दैछ । हामी येशुमा छौ भने श्रापको असर हाम्रो जीवनमा हुदैन ।

हिब्रू ३:१२ [12]त्यसकारण दाज्यु-भाइहरू र दिदी-बहिनीहरू, होशियार बस जसमा कि तिमीहरूमा कोही पापी नहोऊ, विश्वासलाई अस्वीकार नगरोस् र जीवित परमेश्वरलाई नछोडोस्।

हामी हर दिन उठ्ने बितिक्कै हाम्रो लडाइ अबिश्वास संग हो । हामी उठेर हाम्रो आखाँ खोल्ना साथ यो दृष्य संसारलाइ हेर्छौ र अदृस्य संसार को लागी लडाइ गर्नुपर्छ ।

यहुदा १:२० [20]तर प्रिय मित्रहरु, तिमीहरु स्वयंलाई दृढ तुल्याउनका निम्ति तिमीहरुका अति पवित्र विश्वास उपयोग गर। पवित्र आत्मासित प्रार्थना गर।

जब हामी आत्मामा अन्य भाषामा प्रार्थना गर्छौ भने हाम्रो प्राण दृढ हुन्छ । त्यसैले पावलले भने म ज्ञानमा र तिमीहरु सबै भन्दा बेसी म अन्य भाषामा प्रार्थना गर्छु । यो एउटा लडाइ हो अबिश्वास को बिरुद्धमा , पापको बिरुद्धमा , श्रापको बिरुद्धमा , ज्ञानको अभाबको बिरुद्धमा

२ तिमोथी ४:७ [7]मैले लडाईं लडेको छु र दौड सिद्धाएको छु। मैले विश्वास बचाइ राखेकोछु।

बिश्वास को लडाइ भन्नाले बिश्वासलाइ बचाइ राख्नु हो । येशु हाम्रो जीवनमा बिश्वास खोज्नुहुन्छ जब उहाँ आउदा हाम्रो जीवनमा बिश्वास छ कि छैन त्यहि मात्र हेर्नु हुन्छ त्यसैगरी सैतान पनि हाम्रो जीवनमा बिश्वस छ भने हाम्रो पछि लाग्छ बिश्वास छैन भने हाम्रो पछि लाग्दैन । सैतानले हाम्रो बुद्धि , ज्ञान , पैसा केहि पनि हेर्दैन कारण हाम्रो पैसा ,ज्ञान,बुद्धिले सैतानलाइ हराउन सकिदैन । सैतानलाइ मात्र बिश्वासले हराउन सक्छौ ।

एफिसी ६:१६ [16]अनि यी सँगै विश्वासको ढाल प्रयोग गर जसले दुष्टात्माको जम्मै जल्दो वाणलाई निभाउँदछ।

बिश्वासको ढालले मात्र सैतानको अग्निवाणलाइ रोक्न सकिन्छ ।

१ युहन्ना ५:४ [4]किनभने हरेक मानिस जो परमेश्वरको बालक हो, उसित यो संसारको विरुद्ध विजय गर्ने शक्ति हुन्छ।

संसारलाइ जित्ने पनि बिश्वास नै हो । अनुग्रहमा बढ्ने मान्छे बिश्वासमा अगाडि अगाडि बढ्छन् । अनुग्रहमा बढ्दैन भने बिश्वासमा पनि अगाडि बढ्न सक्दैनन् । सबै भन्दा पहिला सुन्नु पर्‍यो त्यस पछि सुनेको कुरामा बिश्वास गर्नु पर्छ त्यस पछि एउटा काम पुरा गर्नु पर्छ ।

लुका १:२६ [26]इलीशिबाको छैटौं महीनामा, गालीको एउटा शहर नासरतमा बस्ने एउटी कन्याकहाँ परमेश्वरले एउटा गब्रिएल नाउँ गरेको दुतलाई पठाउनु भयो। तिनी दाऊदको परिवारको यूसुफ नाउँ गरेको एक मानिससँग मगनी भएकी थिइन्। ती कन्याको नाउँ मरियम थियो।

परमेश्वरले देख्न नसकिने गब्रियल दुतलाइ देख्न सकिने मरियम कहाँ पठाउनु भयो । श्वर्गदुत आयो तर केहि पनि भनेन भने बिश्वास आउदैन बिश्वास आउनको लागी उता देखी केहि बोल्नु पर्छ र यता देखी सुन्नु पर्छ । किनभने बिश्वास सुनाइ देखी आउछ ।

[28]ती स्वर्गदूत मरियमकहाँ गए अनि भने, "शुभकामना छ। परमप्रभु तिमीसितै हुनुहुन्छ। तिमी उहाँको खुवै प्रिय छौ।"
[29]तर त्यो स्वर्गदूतले भनेका यी कुराहरूमा मरियम खुबै विचलित भइन्। मरियम छक्क परिन् र भनिन् "यो अभिवादन को अर्थ के हो?"
[30]ती दूतले उनलाई भने, "डराउनु पर्दैन मरियम, किनभने परमेश्वर तिमीसित अत्यन्त खुशी हुनुहुन्छ।
[31]सुन! तिमी गर्भवती हुनेछौ अनि तिमीले एउटा छोरो जन्माउनेछौ। अनि उहाँको नाउँ तिमीले येशू राख्नु।
[32]उहाँ महान् हुनुहुनेछ र सर्वोच्च परमेश्वरका पुत्र कहलाईनु हुनेछ। परमप्रभु परमेश्वरले उहाँलाई उहाँको पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ।
[33]उहाँले याकूबका घरानामाथि सँधैंका लागि शासन गर्नुहुनेछ। येशूको राज्यको अन्त्य कहिल्यै हुनेछैन।"
[34]मरियमले ती स्वर्गदूतलाई भनिन्, "म कन्या नै छु, यस्तो कसरी हुन सक्छ?"
[35]ती स्वर्गदूतले मरियमलाई भने, "पवित्र आत्मा तिमीमाथि आउनुहुनेछ अनि सर्वशक्तिमान परमेश्वरको शक्तिले तिमीलाई ढाकनेछ। यसकारणले जो जन्मनुहुन्छ उहाँ परमेश्वरको पुत्र कहलाइनु हुनेछ।

परमेश्वर आउदा उहाँको महिमा सबै छुपाएर आउनुहुन्छ त्यसकारण उहाँलाइ देख्दा डर हुदैन तर उहाँ बोल्दा र हामीले सुन्दा हामी डराउछौ । जब नदेखेको श्वर्गदुत देखी मरियमले एउटा कुरा सुनी र एउटा प्रस्न मरियमले श्वर्गदुत संग सोधिन् । म कसरी गर्भबति हुन सक्छु र ? किनभने म त एउटा कन्या हु । मरियमले शंङ्का गरिनन् तर कसरी हुन सक्छ भनेर सोधिन् ? जकरीया को त अबिश्वास थियो म अब बुढो भएको छु म बाट कसरी सन्तान हुन सक्छ र ? भनेर भने । उ भन्दा बुढो अब्राहाम थियो र उसको श्रीमति भन्दा

बुढि थिइन् सारा इतिहासमा धेरै जना बाझि थिए उमेर पनि धेरै थियो र पनि उनीहरुले परमेश्वर को कृपाले संन्तान जन्माए । त्यो सबै जकरीयाले देखेर पनि यस्तो भन्नु उसको अबिश्वास हो तर मरियमको त बिवाह भएको थिएन अहिले सम्म मानिस जाति को इतिहासमा यस्तो भएकै थिएन त्यसकारण उनले प्रस्न राखिन् त्यसको उत्तर श्वर्गदुतले यसरी दिन्छन् । परमेश्वरमा केहि कुरा पनि असम्भव छैन त्यस उत्तर पछि मरियमले भनिन् तपाइको इच्छा अनुसार होस् ।

[36] यस विषयमा ध्यान देऊः तिम्रो आफन्त इलीशिबा पनि गर्भवती छिन् तिनको अवस्था वृद्ध अनि बाँझी कहलाइए पनि अहिले तिनी छ महीनाबाट गर्भवती भएकी छिन्।
[37] किनभने परमेश्वर जस्तै कुरो पनि गर्न सक्नुहुन्छ।"
[38] मरियमले भनिन् "म परमप्रभुकी दासी हुँ। तपाईंले भने जस्तो ममाथि घट्न सक्छ।" त्यसपछि दूत उनीबाट विदा भए।

मरियम आशिसित भइन् । जो परमेश्वरको आवाज सुन्छन् त्यो आशिसित हुन्छन् । धेरै जना मण्डलीमा आउछन् तर सबै जना सुन्दैनन् । जसले सुन्छ त्यो आशिसित हुन्छ ।

[45] तिमीलाई आशीर्वाद छ किनभने परमप्रभुले तिमीलाई भन्नु भएको कुरा पूरा हुनेछ भन्ने तिमीमा विश्वास थियो।"

मरियमले आशीर्वाद पाइन र धन्य कि भइन् कारण उनले परमेश्वरको कुरा सुनिन् र बिश्वास गरीन् । इस्राइलमा धेरै कन्याहरु थिए एक जनाले मात्र सुनिन् । धेरै  जना जवानहरु थिए गिदोनले मात्र सुन्यो । बिश्वास को पहिलो पाइला सुन्नु हो । तर धेरै यो संसारका कुराहरु छन् त्यो सुन्ने होइन तर परमेश्वरले बोलेको कुरा सुन्नु हो । र सुनेको कुरा बिश्वास गर्नु हो त्यस पछि हामी आशिसीत हुन्छौ । तेस्रोमा सुनेको कुरामा बिश्वास गरे पछि एउटा काम हुन्छ । उदारहण को लागी आज मिटिङ छ भन्ने कुरा सुन्यो त्यस पछि बिश्वास गर्‍यो र मिटिङमा सामिल भयो ।  सुनेको कुरामा बिश्वास गर्‍यो भन्ने सबुत यो हो कि उ मिटिङमा समाबेस भएको छ । पहिला सुन्नु र त्यस पछि सुनेको कुरामा बिश्वास गर्नु र बिश्वासको एउटा किया हुन्छ । त्यसैले याकुब को पुस्तकमा याकुबले भन्छन् काम बिनाको बिश्वास मरेतुल्य हुन्छ ।

लुका १:३९ [39] लगत्तै मरियम तयारी भइन् अनि यहूदिया गाउँको पहाडी शहरमा हत्तारिएर गइन्।
[40] तिनी जकरियाको घरमा गईन् अनि इलीशिबालाई शुभकामना दिईन्।

मरियम कुदेर आफ्ना बाबा आमा काहाँ गइनन् , युसुफ संग गइनन् , त्यहाँको पुजाहारी काहाँ पनि गइनन् साथीहरु संग पनि तर इलिशिबाको घरमा उनलाइ भेट्न गइन् । किनभने बिश्वासको किया बिश्वास संगै जोडेको छ । जो सुनेको छैन । र त्यो गर्‍यो भने हाम्रो बिश्वास बढ्दैन तर हाम्रो बिश्वास घट्छ ।

हिब्रु १०:२५ [25] हामीसँग भेट हुनाबाट र्तकिनु हुँदैन। कतिपय मानिसहरू त्यसै गर्दछन्। हामीले एक अर्कालाई भेट्नु र सघाउनु पर्छ, तिमीहरूले यसै गर्नुपर्छ किनकि दिन अझै नजिक-नजिक आउँदै छ।

बिश्वासको प्रमान हामी आइतबार को दिन मण्डली जान्छौ  र एक अर्कालाइ प्रोत्साहन दिन्छौ ।

मत्ति १:१८ [18] येशू ख्रीष्टकी आमा मरियमको मगनी यूसुफसँग भएको थियो। तर तिनीहरूको विवाह हुनु भन्दा अघिनै मरियम पवित्र आत्माको शक्तिद्वारा गर्भवती भएकी थिइन्।

युसुफ एक धार्मीक मान्छे थिए । उनले अदृस्य देखि उसले केहि पनि सुनेका थिएनन् । परमेश्वरको मरियम संग एउटा योजना चल्दैछ । युसुफले परमेश्वरको योजना नसुनेको कारणले परमेश्वरको असल कामलाइ त्याग्नको लागी तयार हुदैछन् । धार्मीकता पहिला होइन यदि हामीले हाम्रो धार्मीकतालाइ बिश्वास संग जोडेको छैन भने हामी परमेश्वरको असल योजनालाइ त्याग्छौ ।

२पत्रुस १:५ [5] यसकारण यी कुराहरु तिमीहरुको जीवनमा थप्न सकेसम्म प्रयास गर। तिमीहरुको आफ्नो विश्वासमा भलोपन अनि ज्ञानमा भलोपन थप।
[6] अनि तिम्रो बुद्धिमा आत्मा नियन्त्रण थप, अनि तिम्रो आत्मा नियन्त्रणमा धैर्य थप, अनि तिम्रो धैर्यमा परमेश्वरको सेवा थप।

सदगुण मात्र छ तर बिश्वास छैन भने मण्डलीको भित्र धेरै नास गर्छ । त्यसकारणले हामीले हाम्रो बिश्वासमा सदगुण थप्नु पर्छ । युसुफ सदगुणले भरीएको मान्छे भएकोले यस्तो कुरा भन्यो भने त मरियमलाइ ढुङ्गाले हिर्काएर मार्छन् भनेर गुप्तमै त्याग्ने बिचार गरे ।

मत्ति १:२० [20] तर जब यूसुफले यसो गर्ने विचार लिए, परमप्रभुका एउटा दूत सपनामा उनीकहाँ आए। दूतले भने, "यूसुफ, दाऊदको पुत्र, मरियमलाई आफ्नी पत्नीको रूपमा ग्रहण गर्न तिमी डराउनु पर्दैन। उनको गर्भमा भएको नानी पवित्र आत्माबाट भएको हो।
[21] उनले एउटा पुत्रको जन्म दिनेछिन्। तिमीले उहाँको नाउँ येशू राख्नु। उनलाई त्यो नाउँ दिनु, किनभने, उहाँले नै आफ्ना मानिसहरूलाई तिनीहरूका पापहरूबाट उद्वार गर्नुहुनेछ।
[22] अगमवक्ताद्वारा परमप्रभुले बोल्नु भएको वचन पूरा होस् भनेर यी सबै भन्न आएका हुन्

जब उनी बिचार गर्दै थिए । युसुफ संग एउटा सपना आयो । अहिले पनि हाम्रो जीवनमा परमेश्वर सपना द्धारा बोल्नुहुन्छ । तर धेरै जना आएर भन्दछन् कि परमेश्वर उनीहरु संग बोल्नु भयो । ह्रम्रो जीवनमा श्वर्गदुत आएर बोल्छ , सपनामा दर्शन पाउन सक्छ अगमबाणि बोल्छ यो सबै हुन सक्छ , तर यो सबै परमेश्वरको बचन संग मिल्नु पर्छ । श्वर्गदुतले युसुफ संग परमेशव्रको बचन लिएर

बोल्यो । त्यसै गरी येशुले पनि आफ्नै बचन द्धारा बोल्नुभयो । आजकल धेरै जना आएर बोल्छन् तर उनीहरुको बोलि बचन संग मिल्दै मिल्दैन । परमेश्वरको बचनले भन्दछ परमेश्वरले आफ्नो बचन साह्रै नाम भन्दा क्षेष्ट तुल्याउनु भएको छ । अन्त को दिनमा धेरै जना येशु मशिह को नाममा आउछन् । युसुफले सुन्यो

[24]जब यूसुफ निद्राबाट ब्यूँझे; परमप्रभुका दूतले तिनलाई जे भनेका थिए त्यहि गरे। यूसुफले मरियमलाई विवाह गरे।
[25]तर मरियमले पुत्र नजन्माउञ्जेलसम्म यूसुफले तिनीसित सहवास गरेनन् अनि यूसुफले पुत्रको नाउँ येशू राखिदिए।

पहिला मग्नि मात्र भएको थियो २४ मा सुन्दा खेरी बिवाह भयो । श्वर्गदुतले बिवाह गर् भन्दा उसले त्यो कुरालाइ तुरुन्त मान्यो र छिट्टो गएर बिवाह गर्‍यो । यो हो बिश्वासको क्रिया । हाम्रो आज्ञाकारीता सिद्धतामा पुग्नु पर्छ । युसुफले बालक नजन्माउन्जेल मरियम संग सहबास गरेनन् , कारण हाम्रो लागी यो सत्यहरु हामीले सुन्दा खेरी हामीमा बिश्वास आउछ । श्वर्गदुतले मरियमलाइ गएर इलिसाबेद सगं भेट गर भने र मरियम तुरुन्तै गएर उनलाइ भेटिन् । यसरी आज्ञा पालन गरे पछि बिश्वास पुरा हुन्छ । फेरी चारमा अर्को कुरा पनि छ । पहिला सुनाइ ,बिश्वास, क्रिया र चार्औ कुरा

अयुब २२:२८ [28]यदि तिमीले केही गर्छु भनेर निर्णय लिएका छौ भने त्यो सफलता पूर्वक हुनेछ अनि तिम्रो भविष्य निश्चय उज्जवल हुनेछ।

बचन सुन्यो , बिश्वास गर्‍यो बिश्वास को क्रिया गर्‍यो त्यसको साथ साथै हामीले परमेश्वरको आज्ञाहरु हाम्रो मुख देखी बोल्नु पर्छ ।

रोमी ४:१७ [17]धर्मशास्त्रमा यस्तो लेखिएको छ, “मैले तिमीलाई सबै जातिका पिता बनाएँ”यो परमेश्वर समक्ष सत्य छ। अब्राहामले परमेश्वरमा विश्वास गरे जसले मृतहरूलाई जीवन दिनुहुन्छ र जुन कुराहरू अहिलेसम्म भएको छैन त्यसको निर्णय दिनुहुन्छ।

अस्तित्वमा नभएका थोकहरुलाइ बोलाएर अस्तित्वमा ल्याउनुहुन्छ । त्यसमा एउटा बोलावट छ र्निणय छ । मोरेको कुराहरुलाइ जिउदै लिएर आउनु पर्छ ।

युहन्ना ११:२५ [25]येशूले उनलाई भन्नुभयो, “पुनरुत्थान र जीवन म नै हुँ।” जुन मानिसले ममा विश्वास गर्दछ ऊ मरे पनि उसले जीवन पाउने छ।
[26]अनि जुन मानिस ममा बाँच्छ अनि ममा विश्वास गर्छ उ वास्तवमा कहिल्यै मर्ने छैन। मार्था, तिमी यसमा विश्वास गर्छ्यौ?”
[27]मार्थाले उत्तर दिई, “हो, प्रभु म विश्वास गर्छु तपाई नै ख्रीष्ट हुनुहुन्छ, परमेश्वरको पुत्र। तपाई मात्र एक हुनुहुन्छ जो संसारमा आउनु भएको थियो।”

येशुले मार्थालाइ सोध्नुभयो के तिमी बिश्वास गर्छयौ ? मरेको मान्छेलाइ जीवन दिने म नै हु । पुनरुत्थान भन्नाले मरेको मान्छे जसको अस्तित्व छैन त्यसलाइ अस्तित्वमा ल्याउनु हो मार्थाले भनिन् हो प्रभु म बिश्वास गर्छु ।

[38]येशू फेरि हृदयभित्रबाट अति शोकित हुनुभयो।येशू चिहानमा जानु भयो जहाँ लाजरसलाई राखिएको थियो। चिहान ओडार जस्तो बनाइएको थियो जो ढंङ्गाले ढाकिएको थियो।
[39]येशूले भन्नुभयो, “ढुंगा हटाऊ।”मार्थाले भनिन्, “तर प्रभु लाजरस मरेको चार दिन भइसक्यो तपाईलाई नराम्रो गन्ध आउनेछ।” मार्था लाजरसको बहिनी थी।
[40]तब येशूले मार्थालाई भन्नुभयो, “के मैले तिमीलाई भनेको थिइन? कि यदि तिमाले विश्वास गरयौ भने परमेश्वरको महिमा देख्नेछौ?”

परमेश्वरको महिमा मरेको मान्छेलाइ अस्तित्वमा नभएको मान्छेलाइ बोलाएर अस्तित्वमा ल्याउनु हो । संसार सुन्य थियो मात्र परमेश्वर हुनुहुन्थ्यो र उहाँले संसारलाइ कुनै पनि चिज बिना पुरै बनाउनुभयो । देखेर बिश्वास गर्ने होइन नदेखेर बिश्वास गर्‍यो भने देखिन्छ ।

**41** तब तिनीहरूले प्रवेशद्वारको ढुंगा हटाई दिए। तब यशूले आफ्ना आँखा उठाउनु भयो र भन्नुभयो, “पिता, तपाईंले मलाई सुन्नु भएकोमा म धन्यवाद प्रकट गर्छु।

मर्कुस ११:२५ [25]जब तिमीहरू प्रार्थनाका निम्ति तयार हुन्छौ, अनि कसैको विरुद्धमा तिमीहरूमा भएको नराम्रो सम्झना भयो भने, त्यसलाई क्षमा गरिदेऊ। यसो गर्यौं भने स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका सबै पापहरू क्षमा गरिदिनुहुनेछ।”

प्रार्थना गर्दा मैले माग्नु भन्दा पहिला नै मैले पाइसके भनेर बिश्वास गर्नु पर्छ । र पाए भनेर धन्यबाद को भेटि उठाउनु पर्छ ।

**41** तब तिनीहरूले प्रवेशद्वारको ढुंगा हटाई दिए। तब यशूले आफ्ना आँखा उठाउनु भयो र भन्नुभयो, “पिता, तपाईंले मलाई सुन्नु भएकोमा म धन्यवाद प्रकट गर्छु।

येशुले आफ्नो आखाँ माथि उठाएर पितालाइ प्रार्थना सुन्नुभएकोमा धन्यबाद दिनुभयो । त्यति खेर सम्म लाजरस जीवित भएकै थिएन ढुङ्गा मात्र हटाइएको थियो । येशुले आफ्नो नाङ्गो आखाँले त देख्नुभएन तर उहाँले आत्मामा देखिसक्नु भएको थियो । त्यसकारणले बिश्वास नदेखेको कुराको असल प्रमाण हो ।

[42]म जान्दछु कि तपाईंले सँधैं मलाई सुन्नुहुन्छ। तर मैले यो कुराहरू भनें किनभने मानिसहरू मेरो वरिपरि छन्। म तिनीहरूलाई विश्वास दिलाउन चाहन्छु। कि तपाईंले मलाई पठाउने भएको हो।”

हाम्रो परमेश्वर को अगाडि लुकेको एउटा जीवन छ । समाजको अगाडि एउटा जीवन छ । हामी परमेश्वर बाट सुनेको पछि पनि हामी समाजको अगाडि बोल्छौ त्यो समाजको अगाडि गवाहि हुन्छ । परमेश्वर हाम्रो हृदय हेर्नुहुन्छ मान्छे बाहिर मात्र हेर्छन् । मान्छेले हृदय

हेर्न सक्दैनन् । त्यसैले हामीले परमेश्वर बाट पाए पछि मात्र मान्छेको अगाडि गवाहि दिन्छौ कारण मान्छेको आखाँले भए पछि मात्र देख्न सक्छ ।

[43]येशूले यति भनिसकेपछि उहाँले जोड आवाजमा डाक्नुभयो, "लाजरस निस्क, बाहिर आऊ!"

यो हो गवाहि । बिश्वास गर्नुभयो पितालाइ धन्यबाद पनि दिनुभयो ,ढुङ्गो पनि हटाइयो सबै जना नाकमा रुमाल राखेर बसेका छन् गनाउछ भनेर तर लाजरस त बाहिर आएको छैन कारण उसले आज्ञा पाएको छैन । मृत्यु देखि फर्केर आएको एलिया , एलिशा , येशु र पत्रुस हो । फर्केरआउनको लागी बोलाउनु पर्छ । येशुलाइ कसैले पनि बोलाएनन् । येशुले आफुले आफैलाइ बोलाउनु भयो । येशुले आफु जीउदै छदा भन्नुभयो म तिन दिनमा जी उठ्नेछु । उहाँको आवाजले पर्खिरहेको थियो जी उठ्नको लागी । त्यसैले सुनाइ छ , बिश्वास छ , किया छ र आज्ञा छ । येशुले नबोल्नु भएको भए लाजरस भित्रै हुन्थ्यो । डुङ्गा तुफानको कारणले पानी भरिएर डुब्न आटेको थियो । चेलाहरुले येशुलाइ उठाए । येशु अगाडि आएर मुख खोलेर तुफानलाइ हकार्नु भयो । अनि त्यस पछि तुफान रोकियो । त्यस कारणले गर्दा हामीले मुख खोलेर बोल्नुपर्छ । येशुले बोल्नुभयो हामी पनि येशु मशिहको नाममा बोल्छौ । येशु आफ्नै नाममा बोल्न सक्नुहुन्छ । हामी हाम्रो नाममा बोल्न सक्दैनौ हामी येशु को नाममा बोल्न सक्छौ ।

मत्ति २८:१८ [18]येशूले तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्विका सारा अधिकार मलाई दिइएको छ।

श्वर्ग र पृथ्वि दुबै जगामा येशुलाइ अधिकार दिइएको छ । अदृष्य मण्डलीले दृष्य मण्डलीलाइ अधिकार गर्छ । येशुको नाममा यहाँ जे बाध्यो भने उता बाधिन्छ । यहाँ छोड्यो भने उता पनि छोडिन्छ कारण यो दुबै मिलेको छ । यो सब दुबै जगामा अधिकार पाएकोले मात्र गर्न सक्छ ।

मर्कुश १६:१७-१८ [17]अनि विश्वास गर्ने मानिसहरूले प्रमाणका निम्ति यी कुराहरू गर्नेछन्। तिनीहरूले भूताहरू मेरो नाउँमा भगाउने छन्। तिनीहरूले कहिल्यै नसिकेका भाषाहरू बोल्नेछन्।
[18]तिनीहरूले यदि सर्पहरू समाते पनि तिनीहरूलाई त्यसको विष लाग्नेछैन। यदि तिनीहरूले घात विष पिए पनि तिनीहरूलाई कुनै हानि हुनेछैन। यदि तिनीहरूले आफ्ना हात रोगीहरू माथि राखे भने तिनीहरू निको हुनेछन्।"

बिश्वास गर्नेहरु संग हाम्रो आफ्नो नाममा होइन येशुको नाममा सबै अदृष्य शक्तिहरु माथि बिजय दिनुभएको छ ।

प्रेरित ३:१-८ कदिन पत्रुस र यूहन्ना मन्दिर गए। त्यतिबेला अपरान्हको तीन बजेको थियो। यो दैनिक प्रार्थना गर्ने बेला थियो।
[2]जब तिनीहरू मन्दिर प्राङ्गण तिर गईरहेका थिए, त्यहाँ एकजना मानिस थिए। जीवनभरि नै त्यो मानिस लङ्गडो थियो। उ हिंड्न सक्तैन थियो, यसैले केही साथीहरूले उसलाई बोक्ने गर्थे र प्रत्येक दिन मन्दिरमा ल्याउने गर्थे। तिनीहरूले त्यो लङ्गडो मानिसलाई मन्दिर बाहिर एउटा ढोकाको मध्ये छेउमा राखे जसलाई सुन्दर-द्वार भनिन्थ्यो। त्यहाँ त्यस मानिसले मन्दिर जाने मानिसहरूसंग पैसा माग्ने गर्थ्यो।
[3]त्यसदिन त्यो मानिसले पत्रुस र यूहन्नालाई मन्दिरको प्राङ्गणभित्र गइरहेको देख्यो। उसले तिनीहरूसंग पैसा माग्यो।
[4]पत्रुस र यूहन्नाले त्यस लङ्गडो मानिसलाई एकटक लाएर हेरे अनि पत्रुसले भने, "हामीलाई हेर!"
[5]त्यस मानिसले तिनीहरूबाट केही पाउने आशाले तिनीहरूलाई ध्यान लगाएर हेर्यो।
[6]तर पत्रुसले भने, "मसंग कुनै सुन अथवा चाँदी छैन, तर मसंग जे छ त्यो तिमीलाई दिनेछु। नासरतको येशू ख्रीष्टको शक्तिले जुरुक्क उठ र हिंड।"
[7]त्यसपछि पत्रुसले त्यस मानिसको दाहिने हात पक्रेर उठाए अनि अचानक उसको खुट्टा अनि गोली गाँठाहरू बलियो भयो।
[8]त्यो मानिस उफ्रियो र जुरूक्क खडा उभियो र हिंड्न थाल्यो। त्यो मन्दिरको प्राङ्गणभित्र तिनीहरू संगै गयो। तयो हिडदै, उफ्रँदै, परमेश्वरको स्तुति गाईरहेको थियो।

यहाँ पत्रुसले येशु मशिह को नाममा हिड् भनेर भने ।

[4]पत्रुस र यूहन्नाले त्यस लङ्गडो मानिसलाई एकटक लाएर हेरे अनि पत्रुसले भने, "हामीलाई हेर!"

पत्रुस र युहन्ना दुबै जनाले एकटक लाएर हेरे यि दुबै जना संगै सेवाकाइका लागी गएका हुन् त्यस बेला एउटाको आखाँ यता अर्काको आखाँ उता भयो भने काम हुदैन त्यसै गरी पुरुष श्रीममान एका पट्टि र स्त्री श्रीमती अर्को पट्टि भयो भने सेवाकाइ हुन सक्दैन । संख्याले परमेश्वरको राज्यमा काम गर्दैन यदि एउटै मन छैन भने एक्लै गर्दा हुन्छ । येशु मशिहले काम गर्दा एक्लैले गर्नुभयो । उहाँ संग कोहि थिएनन् । येशु को जीवनको अन्तको दिनमा प्रार्थना गर्नु भनेर चेलाहरुलाइ भन्दा चेलाहरु सुते । दुइ जना पत्रुस र युहन्ना जादै गर्दा दुबै जनाको आखाँ एकै जगामा छ र साथै दुबै जना बोलेनन् पत्रुस एक्लै बोले किनकी पत्रुस अगुवा थिए । उनले पनि आफ्नो नाममा बोलेनन् येशुको नाममा बोले ।

[7]त्यसपछि पत्रुसले त्यस मानिसको दाहिने हात पक्रेर उठाए अनि अचानक उसको खुट्टा अनि गोली गाँठाहरू बलियो भयो।
[8]त्यो मानिस उफ्रियो र जुरूक्क खडा उभियो र हिंड्न थाल्यो। त्यो मन्दिरको प्राङ्गणभित्र तिनीहरू संगै गयो। तयो हिडदै, उफ्रँदै, परमेश्वरको स्तुति गाईरहेको थिय
[9]सबै मानिसहरूले उसलाई चिने कि त्यो मानिस लङ्गडो थियो र उ प्रत्येक दिन मन्दिरको सुन्दरद्वारको सामु बसेर पैसा माग्दथ्यो। अब तिनीहरूले त्यही मानिसहरूलाई हिंड्दै र प्रभुको स्तुति गाउँदै गरेको देखे। मानिसहरू छक्क परे। तिनीहरूले यो कसरी हुन सक्यो भनेर बुझ्न सकेनन्।

त्यो लङ्गडो निको भए पछि उफ्रिदै मन्दिर भित्र पस्यो । र त्यहाँ धेरै भिड जम्मा भयो । र त्यसपछि पत्रुसले भने यो मेरो शक्ति र बुद्धिले भएको होइन किन तिमीहरु हामीलाइ यसरी हेर्दछौ ?

[16]येशूमा विश्वास रहेकै कारण यो मानिस अहिले निको भयो। यस्तो हुन गएको कारण चाहिँ हामी येशूको शक्तिमा पूर्ण विश्वास राख्दछौं। येशूमा विश्वास भएको कारणले यो मानिस निको भएको छ। तिमीहरूले उसलाई देख्छौ अनि तिमीहरूले उसलाई चिन्छौ।

पत्रुसले भने उहाँको नाममा बिश्वास गरेको कारण यो निको र बलियो भयो । यो बिश्वास येशु देखी आउछ भनेर भने । यहि बिश्वास हामीहरु को जीवनमा चाहिएको हो । सुन्यो बिश्वास गर्‍यो कृया छ र एउटा आज्ञा पनि छ । यहाँ चार कुरा चाहियो चार कुरा आउदा मान्छेको चगाइ भयो , र परमेश्वरको महिमा भयो । यि चार कुरामा एक मात्र छुट्यो भने पनि बिश्वासको काम हुन सक्दैन ।

प्रेरित ४:१-३ जब पत्रुस र यूहन्ना मानिसहरूसंग बोलिरहेका थिए, केही मानिसहरू तिनीहरूकहाँ आए। तिनीहरू यहूदी पूजाहारीहरू मन्दिरको देखरेख गर्नेहरूको कप्तान र केही सदुकीहरू थिए।

[2]पत्रुस र यहून्नाले जे जती कुराहरू मानिसहरूलाई सिकाए त्यसकारणले तिनीहरू रिसाइसकेका थिए। ती दुइ प्रेरितहरूले भन्दै थिए मानिसहरू मृत्युबाट जाग्नेछन्। येशूको उदाहरण दिएर तिनीहरूले यो सिकाए।

[3]यहूदी अगुवाहरूले पत्रुस र यूहन्नालाई पक्रे अनि जेलमा थुनामा राखे। रात परिसकेको थियो, यसैले तिनीहरूले पत्रुस र यूहन्नालाई अर्को दिन सम्म जेलमा राखे।

जाहाँ असल बिश्वास आउछ त्यहाँ समस्या सुरु हुन्छ । संसारको शक्तिहरु र अदृष्यको शक्तिहरु हाम्रो बिरुद्धमा आउछ । संसारको शक्ति र अदृष्यका शक्ति हाम्रो मृत्यु सम्म मात्र काम गर्छ त्यस पछि पुनरुत्थानको शक्ति उनीहरु संग छैन । तर बिश्वासमा हामीले पुनरुत्थानको चिन्हहरु हामीले देख्न सक्छौ । त्यस कारण जाहाँ पनि हामी पुनरुत्थानको बारेमा हामी बोल्छौ त्यहाँ सतावट सुरु हुन्छ । त्यसकारणले येशुले भन्नुभयो म पुनरुत्थान हु । एउटा मान्छेले चंगाइ पाउनु भनेको लङ्गडा हिड्न सक्नु भनेको पुनरुत्थानको चिन्ह हो । चगाइ त मन्दिरमा , मज्जिदमा अस्पतालमा सबैमा हुन्छ त्यसमा पुनरुत्थान हुदैन । त्यस कारणले यदि येशुको नाममा बिश्वास र पुनरुत्थान नभएको भए यो संसार र अदृष्यका कुराहरु हाम्रो बिरुद्धमा हुने थिएनन् । यरुसलेहेममा धेरै नानीहरु जन्मे तर एउटा नानी जन्मदा मात्र उसको लागी ठाउ थिएन । कारण यो नानी मात्र आत्मा देखी जन्मनु भएको थियो । हाम्रो जीवनमा पनि संसारको बुद्धि , पैसा मान सम्मान केहि कुरामा पनि सैतानले बाधा लिएर आउदैन तर यदि आत्मा देखी एउटा काम मात्र हामीले गर्छौ भने सैतानले त्यहाँ बाधा लिएर आउछ । त्यस माथि जित्नको लागी हामीले बिश्वासको ढाल उठाउनु पर्छ । पहिला हामीर्लाइ सुरक्षा चाहिन्छ र सुरक्षा बिश्वास हो र बिश्वास आउनको लागी जीवन भर सुन्दै जानु पर्छ जसले गर्दा उ परमेश्वरको ज्ञानमा सबै कुरामा बढ्दै जान्छ , र बढ्दै बढ्दै गए पछि एक दिन हाम्रो बिश्वासमा निपुण हुन्छौ । नत्र भने हामी आत्मा बाट जन्मेका मान्छे पनि नास तिर जान सक्छौ । त्यसैले बिश्वास द्वारा हामी परमेश्वरलाइ बुभ्न सक्छौ र त्यस पछि अदृष्य शक्तिले दृष्य शक्तिलाइ नियन्त्रण गर्छ ।

*प्रार्थना*

*प्रभु धन्यबाद , धन्यबाद , धन्यबाद प्रभु जो बिश्वास हामीलाइ तपाइले श्वर्ग बाट दिनुभएको छ त्यो बिश्वास तपाइ बाटै आएको हो त्यो बिश्वासमा हर दिन हर पल एक कदम अगाडि बढ्नको लागी हामीलाइ अनुग्रह गर्नुहोस् । जतिले पनि यो बचन पढ्छन् प्रभु सबैको जीबनमा बिश्वासको आशिषले भर्नुहोस् । यो सबै बिन्ति प्रार्थना येशु मशिहको नाममा आमेन ।*